नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Kuala Lumpur, Malaysia

## सूचना

मलेसियामा रोजगारीको शिलशिलामा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरूलाई मलेसियाको प्रचलित कानून तथा नियमहरूको पालना गर्दै मलेसियामा रहँदा वा यात्रा गर्दा आफ्नो राहदानी (पासपोर्ट) सधैं आफूसँगै राख्न नेपाली राजदूतावास हार्दिक अनुरोध गर्दछ।

साथै, मलेसियामा नेपाली नागरिकलाई रोजगारी प्रदान गर्ने सबै रोजगारदाताहरूलाई आफ्ना नेपाली श्रमिकहरुले आफ्नो राहदानी सधैं आफ्नै साथमा राख्न पाउने व्यवस्था मिलाउन तथा त्यसको सुनिश्चितता गर्न समेत नेपाली राजदूतावास हार्दिक अनुरोध गर्दछ। कानूनले अनुमति दिएको अवस्था र सम्बन्धित श्रमिकको स्पष्ट सहमति भएको अवस्थामा बाहेक नेपाली श्रमिकहरुको राहदानी आफ्नो नियन्त्रणमा नराख्न रोजगारदाताहरूलाई नेपाली राजदूतावास हार्दिक अनुरोध गर्दछ।

यदि कुनै नेपाली नागरिकको राहदानी निजको सहमतिबिना रोजगारदाता वा अन्य कुनै पक्षले आफ्नो नियन्त्रणमा राखेको अवस्थामा राजदूतावासको WhatsApp नम्बर +६०१६२४७२७७७ वा इमेल labour.eonkl@mofa.gov.np मार्फत जानकारी गराउनुहुन मलेसियामा रहनुभएका नेपालीहरुलाई अनुरोध छ।

मलेसियाको कानूनको पालना गर्दै नेपाली श्रमिकहरूको अधिकार, सम्मान तथा कल्याणको संरक्षणमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण रोजगारदाता तथा नेपाली नागरिक प्रति नेपाली राजदूतावास हार्दिक आभार व्यक्त गर्दछ।

## Notice

The Embassy of Nepal in Kuala Lumpur kindly requests all Nepali nationals residing and working in Malaysia to carry their passports with them at all times during their stay and travel within Malaysia, in accordance with the applicable laws and regulations of Malaysia.

The Embassy also urges all employers of Nepali nationals to facilitate and ensure that their employees retain possession of their passports at all times. Employers are requested not to withhold Nepali employees' passports except where permitted by law and with the employee's explicit consent.

Any Nepali national whose passport is being withheld without their consent is requested to contact the Embassy through at **+60162472777** (WhatsApp) or by email at labour.eonkl@mofa.gov.np for assistance.

The Embassy appreciates the cooperation of all Nepali nationals and their employers in ensuring compliance with Malaysian laws while safeguarding the rights, dignity, and welfare of Nepali workers in Malaysia.

**14 July 2026**
**Embassy of Nepal, Kuala Lumpur**